## Ⅱ-3 स्वास्थ्य व्यवस्थापन

जापानमा सरकारी प्रशासन 、कम्पनीहरूले रोगहरू रोकथाम गर्न र तिनीहरूलाई छिटो छरितो पत्ता लगाउन विभिन्न स्वास्थ्य परीक्षणहरू सञ्चालन गर्दै आएका छन्।

धैरैजसो नि: शुल्क वा कम लागतमा उपलब्ध छन्। रोकथाम प्रारम्भिक पहिचान लागतको हिसाबले पनि फाइदाजनक छ, त्यसैले कृपया सकारात्मक भई समयमै परामर्श गर्नुहोस्।

### 1. स्वास्थ्य केन्द्र

स्वास्थ्यलाई चुस्त राख्न र राख्न अनि स्वस्थ समाज निर्माण को लागि अनेक गतिबिधि हरु गरिन्छ । स्वास्थ्य केन्द्रको आधारमा परीक्षा तालिका फरक-फरक हुन्छ、कृपया परिक्षण तालिकाको बारेमा सोधपुछ गर्नुहोस्। （अप्पेन्दिक्स वा परिशिष्टⅨ－3）

- संक्रामक रोगहरू（HIV 、यौन संचारित रोग、क्षयरोग、भाइरल हेपेटाइटिस आदि）परिक्षण गरिन्छ ।
  मातृ र बाल स्वास्थ्यको सहयोग लागि परामर्श
  ईन्ट्रेरटेबल वा दुर्लभ रोगको परामर्श
- मानसिक स्वास्थ्य परामर्श

### 2. नगरपालिका /गाऊपालिकाको बीमा समबन्धी（चिकित्सा, स्वास्थ्यकेन्द्र）

हामी स्थानीय बासिन्दाहरूको लागि सेवाहरू प्रदान गर्दछौं, साथै शिशुको स्वास्थ्य परिक्षण, खोपहरू, विभिन्न क्यान्सरको स्क्रीनिहरू र वयस्कहरूको अग्रिम स्वास्थ्य परिक्षण आदि सेवा प्रधान गर्दछौ। चिकित्सा जाँच बीमा केन्द्र वा संबन्धित चिकित्सा संस्थामा गरिनेछ। शहर अनुसार बिस्तृत विवरणहरू फरक पर्ने हुनाले、स्वास्थ्य केन्द्रमा सम्पर्क गर्नु उचित हुन्छ ।（अप्पेन्दिक्स वा परिशिष्ट Ⅸ－3）